मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : २३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन ७ गते बुधवार (Wednesday, July 22. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भाइ. : ४/-

'प्रहरीको सक्रियतासे अपराधजन्य घटनामा कमी': पृष्ठ ३

दहीझोडाको सुकुम्बासी टोल जोखिममा

अमित खम्बू

अर्जुनधारा, साउन ६। झापाको अर्जुनधारा-४ दहीझोडास्थित सुकुम्बासी टोलका वासिन्दाहरु बाढीको जोखिममा रहेका छन् ।

सोमबार परेको अविरल वर्षाका कारण स्थानीय टार्डाटिङ नदीमा आएको बाढीले उक्त टोल नजिक रहेको नदी किनारमा लगाएको जालीमा क्षति पुऱ्याएपछि उनीहरु जोखिममा परेका हुन् । अघिल्लो आर्थिक वर्ष ०७५/०७६मा प्रदेश नं. १ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाईको २० लाख रुपैयाँको लागतमा लगाइएको जम्मा ११० मिटर जालीमध्ये अनुमानित २० मिटरमा क्षति पुऱ्याएको वडाध्यक्ष दुर्गाप्रसाद दाहालले जानकारी दिए ।

जालीमा पुऱ्याएको क्षतिका कारण बाढी आउँदा नदीको पानी गाउँ पस्ने हुँदा जोखिम बढेको उनले बताए । 'बाढीको पानी टोल पसेको खण्डमा सुकुम्बासी टोलका एक सय घरसँगै छिमेकी कनकाई नगरपालिका-१का वासिन्दाहरु पनि प्रभावित हुनेछन्'- उनले भने । टोललाई सुरक्षित गर्न तत्कालको लागि जालीलाई क्षति पुऱ्याएको स्थानमा स्थानीय दहीझोडा सामुदायिक वन उपभोक्ता समूहसँगको समन्वयमा अस्थाई बाँध निर्माण गरिने र दीर्घकालीन समाधानको लागि पुनः सम्बन्धित निकायमा सहयोगको लागि पहल गर्ने वडाध्यक्ष दाहालले प्रतिबद्धता व्यक्त गरेका छन् ।

यसैबीच स्थानीय दहीझोडा सामुदायिक वन उपभोक्ता समूहले वीपी कोइराला र पुष्पलाल श्रेष्ठको स्मृति दिवसको सन्दर्भमा नदी कटानबाट भूक्षय नियन्त्रण गर्नका लागि मंगलबार त्यस क्षेत्रमा वृक्षरोपण गरेको छ । समूहका अध्यक्ष खगेन्द्रकुमार सुब्बाको अध्यक्षता र वडाध्यक्ष दाहालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा अमला, खयर,

(बाँकी अन्तिम पृष्ठमा)

गाउँभन्दा शहरमा धेरै आत्महत्या

■ ३९% आत्महत्याको कारण घरायसी विवाद ■ विवाहित ५२%

बिर्तामोड, साउन ६। झापाको ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा आत्महत्याका घटना बढी हुने गरेको पाइएको छ ।

एक आर्थिक वर्षमा झापामा आत्महत्या गर्नेको तथ्याङ्कलाई आधार मान्दै जिल्ला प्रहरी कार्यालय झापाले सार्वजनिक गरेको प्रतिवेदनमा ग्रामीण क्षेत्रमा ३५ प्रतिशत, शहरी क्षेत्रमा ६५ प्रतिशतले आत्महत्या गरेको उल्लेख छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७६/०७७मा आत्महत्या गर्नेको संख्या घटे पनि शहरी क्षेत्रमा आत्महत्या गर्नेको संख्या धेरै छ ।

प्रहरीले सार्वजनिक गरेको प्रतिवेदनमा आर्थिक वर्ष २०७६/०७७मा २२३ जनाले आत्महत्या गरेका छन् । आर्थिक वर्ष २०७५/०७६मा २८८ जनाले झापामा अत्महत्या गरेका थिए । आर्थिक वर्ष २०७४/०७५भन्दा आर्थिक वर्ष २०७५/०७६मा आत्महत्याका घटना १७ प्रतिशतले वृद्धि भए पनि आर्थिक वर्ष २०७६/०७७मा झापामा आत्महत्या गर्नेको संख्या २३ प्रतिशतले घटेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले बताएका छन् ।

आर्थिक वर्ष २०७६/०७७मा मेचीनगरमा सबैभन्दा धेरैले आत्महत्या गरेका छन् । मेचीनगरमा मात्रै आत्महत्या गर्नेको संख्या ४० छ । गाउँपालिकातर्फ बुद्धशान्ति गाउँपालिकामा धेरैले आत्महत्या गरेका छन्, जहाँ एक आर्थिक वर्षमा २१ जनाले आत्महत्या गरेका छन् । प्रहरीले सार्वजनिक गरेको प्रतिवेदन अनुसार भद्रपुरमा २८, दमकमा २३, कनकाईमा ८, अर्जुनधारामा ४, बिर्तामोडमा १४, शिवसताक्षीमा ८ र गौरादह नगरपालिकामा २० जनाले एक आर्थिक वर्षमा आत्महत्या गरेका छन् ।



उता गाउँपालिकातर्फ कमल गाउँपालिकामा ११, गौरीगञ्जमा ८, बाह्रदशीमा ७, झापामा ८, हल्दिबारीमा १७ र कचनकवलमा ६ जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमा पनि दमक-३मा ७ जना र बुद्धशान्ति-४मा ७ जना रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले सार्वजनिक गरेको प्रतिवेदन अनुसार भद्रपुर-७मा ४ जना, मेचीनगर-७मा ५ जना, मेचीनगर-१५मा ४ जना, बाह्रदशी-२ र हल्दिबारी-२मा ४/४ जना रहेका छन् । असारमा आत्महत्या धेरैले गरेका छन् । असारमा ३५ जनाले आत्महत्या गरेका हुन् । प्रहरीको विवरण अनुसार जेठमा १९, वैशाखमा २७, चैतमा ३४, फागुनमा १७, माघमा १५, पुसमा १९, मंसीरमा २०, कात्तिकमा १३, असोजमा १३ भदौमा १९ र साउनमा १५ जनाले आत्महत्या गरेका छन् ।

उमेरको आधारमा हेर्ने हो भने १८-२५ वर्ष उमेर समूहका धेरैले आत्महत्या गरेको देखिन्छ । १८ वर्षमुनि २० जना, १८-२५ उमेर समूहका ५७, २५देखि ३५ वर्षसम्मका ४३ र ३५देखि ४५ वर्ष उमेर समूहका २५ जनाले आत्महत्या गरेका छन् । ४५देखि ६० वर्ष उमेर समूहका ४२ जनाले आत्महत्या गरेका छन् भने ६० वर्षमाथि ३६ जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेमध्ये ५९ प्रतिशत पुरुष छन् । १३२ जना पुरुषले आत्महत्या गर्दा ९१ जना महिलाले आत्महत्या गरेका छन् ।

आत्महत्या गर्नेमा ज्याला मजदुरी गर्ने धेरै छन् । एक वर्षमा ६५ जना ज्याला मजदुरी गर्नेले आत्महत्या गरेका छन् । आत्महत्या गर्ने कूल संख्याको २९ प्रतिशत ज्यालामजदुरी गर्ने रहेका छन् । पेशाका आधारमा हेर्ने हो भने कृषि पेशामा संलग्न ४४ जना, गृहिणी ४४ जना, बेरोजगारी २१ जना, विद्यार्थी २८ जना, व्यापार गर्ने एक जना र नखुलेका १२ जनाले आत्महत्या गरेका छन् ।

कूल आत्महत्या गर्नेमध्ये ६५ प्रतिशत साधारण लेखपढ गर्ने नै रहेका छन् । प्रहरीको तथ्याङ्क अनुसार १४५ जना साधारण लेखपढ गर्ने मानिसले एक आर्थिक वर्षमा आत्महत्या गरेका छन् । लेखपढ गर्न नजान्ने २१ जना, एसएलसी पास गर्ने र प्लस टु पढ्ने ४४ जना र सो भन्दा माथिको शैक्षिक योग्यता भएको ५ जनाले आत्महत्या गरेका छन् ।

५२ प्रतिशत आत्महत्या गर्ने विवाहित छन् । मानसिक बचलनका कारण आत्महत्या गरेका मृतकले डिप्रेसन सम्बन्धी औषधि सेवन गर्ने गरेको र घरायसी कारण ३९ प्रतिशत मानिसले आत्महत्या गरेका छन् ।

झापामा दुई जना प्रहरीमा कोरोना

झापा, साउन ६। झापामा कार्यरत दुई जना प्रहरी जवानलाई कोरोना संक्रमण पुष्टि भएको छ ।

सशस्त्र प्रहरी सीमा सुरक्षा बल काँकरभिट्टामा कार्यरत दुई प्रहरी जवानमा कोरोना संक्रमण देखिएको हो । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको प्रयोगशालाको मंगलवारको रिपोर्ट अनुसार उनीहरुमा संक्रमण देखिएको जनस्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाँईले जानकारी दिए ।

संक्रमित दुवै जनालाई उपचारका लागि मोरङको गोठगाउँ लागिएको चम्लागाँईको भनाइ छ । योसँगै झापामा संक्रमितको संख्या ३ सय १८ पुगेको छ ।

अभिभावकविहीन बालबालिका सिक्न पाउँदा खुशी

वितामोड, साउन ६। कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण विद्यालय ठप्प भएर पठनपाठन नभएपछि घरैमा बस्नुपर्दा चिन्तित बनेका बिर्तामोडका अभिभावकविहीन बालबालिका यतिबेला खुशी भएका छन् ।

अभिभावकविहीन बिर्तामोड-४मा रहेको तारा नमस्ते बालआश्रममा आश्रय लिएर बसेका उनीहरु लकडाउनका कारण विद्यालय ठप्प भएर पठनपाठन नभएपछि घरैमा बस्नुपर्दा थप चिन्तित बनेका थिए । विद्यालय जान नपाएपछि चिन्तामा रहेका उनीहरु आफूलाई मनपर्ने चित्रकला र हस्तकलाको बारेमा सिक्न पाउँदा खुशी भएका हुन् ।

झापाको बिर्तामोड-४मा रहेको सुन्दर बचत आमा समूहले सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रको सहकार्यमा तारा नमस्ते बालआश्रममा आश्रय लिएर बसेका १४ जना अभिभावकविहीन बालबालिकालाई सिपमूलक चित्रकला तथा हस्तकला सम्बन्धी तालिम दिन शुरु गरेको हो ।

सुन्दर बचत आमा समूहकी अध्यक्ष तुलसा लुइँटेलको अध्यक्षता तथा सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका अध्यक्ष उत्तम खनालको प्रमुख आतिथ्यमा भएको तालिम उद्घाटन कार्यक्रममा सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका उपाध्यक्ष सञ्जीव चापागाँईले औचित्यमाथि प्रकाश पारेका थिए ।

कार्यक्रममा सुन्दर सामुदायिक प्रहरी सेवाकेन्द्रका अध्यक्ष खनालले बिर्तामोड-४मा तारा नमस्ते बालआश्रममा आश्रय लिएर वसेका अभिभावकविहीन बालबालिकालाई चित्रकला तथा हस्तकला सम्बन्धी तालिम प्रदान गर्न शुरु गरेकोमा सुन्दर बचत आमा समूहको प्रशंसा गरेका थिए ।

कार्यक्रममा तारा नमस्ते बालआश्रम सञ्चालक तथा सञ्चालक समितिकी कोषाध्यक्ष यशोदा चापागाँईले २०६९ सालमा स्थापना भएको तारा नमस्ते बालआश्रम विभिन्न सामाजिक संघ/संस्था तथा प्रदेश तथा स्थानीय तह र सरकारको सहयोगमा सञ्चालन हुँदै आएको बताइन् ।

कार्यक्रममा बालआश्रममा बसेका बालबालिकाहरुको अर्न्तनीहित प्रतिभा प्रस्फुटन गराई बालबालिकाहरुलाई समाजमा प्रतिष्पर्धा गर्न सक्षम बनाउने उद्देश्यले चित्रकला तथा हस्तकला तालिम प्रदान गरेको सुन्दर बचत आमा समूहकी कोषाध्यक्ष गंगा शिवाकोटी ढकालले बताइन् ।

विभिन्न विद्यालयमा कक्षा नर्सरीदेखि कक्षा १२सम्म निःशुल्क अध्ययन गरिरहेका अभिभावकविहीन बालबालिकालाई चित्रकला तथा हस्तकला सम्बन्धी सबै प्रकारको तालिम प्रदान गरिने तालिमकी प्रशिक्षक समेत रहेकी सुन्दर बचत आमा समूहकी कोषाध्यक्ष ढकालले बताइन् ।

कार्यक्रममा तारा नमस्ते बालआश्रममा आश्रय लिएर वसेका भावना चौहान र रमेश विकले चित्रकला तथा हस्तकला सम्बन्धी तालिममा सहभागी हुन पाएकोमा खुशी व्यक्त गरेका थिए । उनीहरुले तालिममा सिकेको सिपलाई व्यवहारमा उतार्ने

(बाँकी अन्तिम पृष्ठमा)

गजमेर मृत फेला, दनुवार पैनीमा डुबे

झापा, साउन ६। झापाको भद्रपुर-२ देउनिया खोलाको बगरको काँशघारीमा भद्रपुर महारानीझोडाका ५० वर्षीय कुमार गजमेर मृत अवस्थामा फेला परेका छन् ।

घरबाट हिँडेका गजमेरलाई स्थानीयले मंगलवार दिउँसो काँशघारीमा मृत अवस्थामा फेला पारिएको वडा प्रहरी कार्यालय भद्रपुरमा जानकारी गराएका थिए । घटनाको जानकारी पाउनासाथ प्रहरी टोली खटी गई कानूनी प्रक्रियासहित सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

उता मोरङको सुन्दरहरैंचा नगरपालिका-११का सञ्जय दनुवारका ३ वर्षीया छोरा सञ्जीव दनुवारको पैनीमा डुबेर मृत्यु भएको छ ।

आफ्नै घर अगाडि रहेको पैनीमा आफन्तले बालकलाई डुबिरहेको देखेपछि तत्काल उद्धार गरी उपचारको लागि विराट नर्सिङ होम बिराटनगर पठाएका थिए । बालकको उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

राजवंशी समुदायमा विवाहका ८ चलन

आत्माराम राजवंशी

गौरीगञ्ज, साउन ६। हाम्रो समाजमा कति प्रकारको विवाह गर्ने चलन होलान् ? कसैले तपाईंलाई सोध्यो भने उत्तर हुन सक्छ- मागी, प्रेम अथवा कानूनी विवाह । तर, हामो समाजमा विवाह गर्ने चलन यति मात्रै छैनन् । समाजमा यस्तो पनि समुदाय छ, जसको विवाह गर्ने चलन आठ प्रकारको छ ।

झापा, मोरङ, सुनसरी जिल्लामा बसोवास गर्ने राजवंशी समुदायमा यो चलनबाट विवाह भएको देख्न सकिन्छ । यस समुदायमा मागी विवाह (बरवधु पक्षबीच समझदारीमा भएको विवाह), धन्नीमा विवाह (कन्याकेटीको घरमा वर आएर विवाह गरेर बस्ने), डाङुआ विवाह (विधवासंग घरमा लोग्ने मान्छे आइ घरजम गर्ने), दामेदुमो विवाह (कन्या केटी आर्थिक अभावका कारण वरको घरमा ल्याई विवाह गर्ने), घरढुक्का विवाह (केटाकेटी मन पराएर केटीले आफूखुशी केटाको घरमा गई बस्ने), भातार धरा विवाह (केटाकेटी मन पराइ बाहिर नै विवाह गर्ने), किआ विवाह (विधवा महिलालाई केटाको घरमा ल्याई विधि विधान गरी घरजम गराइदिने विवाह) र जाँघ विवाह वा समद विवाह ।

राजवंशी समुदायको विवाह संस्कार आफ्नै मौकिलतामा आधारित भएको राजवंशी समुदायका अगुवा पर्वत राजवंशी बताउँछन् । 'सुन्दा त अनौठो लाग्न सक्छ तर संस्कार भन्ने कुरा नराम्रो होइन- राजवंशी भन्छन्- 'यसलाई जगेर्ना गर्नुपर्छ ।'

राजवंशी समुदायमा विवाह गर्ने चलन धेरै भए पनि वर्तमान अवस्थामा त्यस्तो नरहेको राजवंशी युवाहरु बताउँछन् । कोचिला गाभुर फ्रन्टका केन्द्रीय अध्यक्ष तथा सामाजिक अभियन्ता अभय राजवंशी भन्छन्- 'पहिलाको जमानामा यी संस्कार थिए तर हिजोआज हराउँदै गएका छन् ।' हाल राजवंशी समुदायमा मागी विहेको नै बढी चलन रहेको उनले बताए । मागी विहे गर्ने चलन रहे पनि नयाँ पुस्ताका युवायुवतीहरु प्रेम विवाह गर्न रुचाउँछन् । उनीहरु पारिवारिक डरका कारणले प्रेम विवाहको प्रस्ताव घर परिवारमा राख्न सक्दैनन् ।

मागी विहे परम्परादेखि चलिआएकाले यस समुदायका मानिसहरु प्रेम विवाहलाई सहजै स्वीकार्दैनन् । मागी विहेमा कन्या (बेहुली) र दुलाहा (बेहुला) को खोजी गरी दुवै परिवारको विवाहमा सहयोगीको भूमिका खेल्ने मध्यस्तकर्ता हुन्छ, जसलाई कारुवा (लमी) भनिन्छ । कारूवाले मागी विवाहमा अहम भूमिका खेलेको हुन्छ । कारूवाले शुभदेखा तिलक र डालीखरा यी तीन प्रमुख कार्यमा सहयोगीको भूमिका खेल्छ । विवाहमा दुलहा दुहलीले आफ्नै परम्परागत पोशाक लगाउँछन् । आफ्नै परम्परागत ढोलढाल (बाजागाजा)का साथ बैरात (जन्ती) जाने गर्छन् ।

विवाहमा आफ्नो गच्छे अनुसार नाता कुटुम्बलाई निमन्त्रणा गरी भोज खुवाइन्छ । विवाह सम्पन्न गराएको उपलक्ष्यमा लमीलाई नयाँ लुगाफाटा किनिदिने प्रचलन छ । यस समुदायले बैशाख, जेठ, असार र साउन महिनालाई विहे गर्ने महिनाको रुपमा लिएको पाइन्छ । तर, पछिल्लो समयमा पुस, माघ र फागुन महिनामा पनि राजवंशी समुदायले विवाहवारी गर्ने गरेका छन् ।

विवाह गरेको सालको भदौ महिना बेहुलीले माइतमा गएर बस्नुपर्ने प्रचलन रहेको छ । मागी विवाहमा बेहुला र बुहेलीको पोरुआ (कुलदेवता) हेरेर मात्र विवाह हुने गरेको छ । दुवै (बेहुला बेहुली) को घरको कुल देवता एउटै भए वैवाहिक जीवन सुखमय हुने विश्वास रहेको पाइन्छ ।

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

बैंकको नाम: राष्ट्रिय बाणिज्य बैंक
शाखा: सिंहदरबार परिसर
खाताको नाम: कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
खाता नं. १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

कानूनी उपचार खोज्छु: उपमेयर प्रसाई

बिर्तामोड, साउन ६। बिर्तामोड नगरपालिकाकी उपमेयर पवित्रादेवी महतरा प्रसाईले सञ्चारमाध्यमबाट आफ्नो चरित्र हत्या भएको बताएकी छिन्।

मंगलबार बिर्तामोड नगरपालिकामा पत्रकार सम्मेलनको आयोजना गरी उनले सो कुरा बताएकी हुन्। गत असार ३० गते राति न्यूज २४मा प्रशारण भएको सिधा कुरा जनतासँग कार्यक्रममा एक महिलामार्फि सुन चोरी गरेको भनी आफूले आरोप लगाएको प्रसंग उठाएको र आफूलाई कुरा राख्ने समय नदिइएको उपमेयर प्रसाईको दुखेसो छ।

घटना विवरण अनुसार अर्जुनधाराका ११ वर्षीय बालक लक्ष्मण शिवाकोटीको हत्यामा संलग्नलाई कारवाहीको माग गर्दै बिर्तामोडमा भएको प्रदर्शनका क्रममा मणि नेपाली घाइते भएका थिए। नेपालीलाई उपचार गर्न नगरपालिकाले सहयोग गरेको उनले बताइन्। नेपालीको परिवारलाई आर्थिक समस्या परेको र काम खोजिरहेका बेला समयमा मणिकी श्रीमतीलाई आफूले काम गर्न राखेर सहयोग गरेको बताउँदै उपमेयर प्रसाईले भनिन्- राखेको ठाउँमा सुन नभएपछि आफूले ती बहिनीलाई बोलाएर सोधेकै हो। पछि उनले गोजीबाट निकालेर मेरो हातैमा औंठी राखेर घरबाट बाहिरिइन त्यसपछि उनी मेरोमा काम गर्न फर्केर आइनन्। काम गरेबापत उनले बढीमा एक साताको पैसा पाउन बाँकी थियो। आफू उक्त रकम दिन तयार रहेको तर माग्न नआएको उपमेयरको भनाइ छ।

उक्त मिडियाले बिर्तामोडमा आएर प्रत्यक्ष प्रशारण गरेको कार्यक्रममा आफूलाई कुरा राख्न दिने भनिए पनि फोन सम्पर्क नगरिएको दावी उपमेयरको छ। उनले आफू अन्यायमा परेको भन्दै कानूनी उपचार खोज्ने समेत पत्रकार सम्मेलनमा बताइन्। उक्त विषयमा आफूले कुनै गल्ती नगरेको पनि बताइन्। पत्रकार तीर्थ सिग्देलले सञ्चालन गरेको पत्रकार भेटघाटमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पशुपति खतिवडा र प्रशासन प्रमुख देवराज कार्कीको समेत सहभागिता थियो।

प्रदेश नं. १मा ८२% रोपाइँ

विराटनगर, साउन ६। प्रदेश नं. १मा यस वर्ष हालसम्म ८२ दशमलव ५१ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ। कृषि विकास निर्देशनालय विराटनगरका अनुसार गतवर्ष समग्रमा ५६ दशमलव ७४ प्रतिशत मात्र रोपाइँ भएको थियो।

यस वर्ष मनसुनको प्रभाव तथा सिञ्चाइको सुविधाले रोपाइँको क्षेत्र निकै बढेको निर्देशनालयका निमित्त निर्देशक प्रकाश डाँगीले जानकारी दिए। उनका अनुसार उच्च पहाडी क्षेत्र ताप्लेजुङ, सङ्खुवासभा र सोलुखुम्बुमा २४ हजार ११३ हेक्टर धान लगाउने जमीनमा १९ हजार १८७ हेक्टर जमीनमा अर्थात् ८० प्रतिशत रोपाइँ भएको छ।

यस्तै, उच्च पहाडी क्षेत्र पाँचथर, इलाम, भोजपुर, तेह्रथुम, धनकुटा, उदयपुर, ओखलढुङ्गा र खोटाङमा गरी ९० हजार ९१६ हेक्टर जमिनमध्ये ६८ हजार ४७८ अर्थात् ७५ प्रतिशत र मध्यपहाडी क्षेत्र झापा, मोरङ र सुनसरी गरी दुई लाख २५ हजार ८०० हेक्टर जमीनमा एक लाख ९३ हजार ५५५ हेक्टर जमिनमा अर्थात ८६ प्रतिशत धान रोपाइँ भइसकेको छ।

मौसमको अनुकूलताले विगत केही वर्षको तुलनामा यस वर्ष रोपाइँ गर्न किसानले पानीको समस्या झेल्नु नपरेको हुँदा धानखेतीको क्षेत्र अझ बढ्ने उनले जानकारी दिए।

अर्जुनधाराका कृषकलाई 'च्याप कटर' र 'मिल्क क्यान'

अर्जुनधारा, साउन ६। नगरमा रहेका पशुपालक कृषकहरुको प्रवर्द्धन गर्ने उद्देश्यले अर्जुनधारा नगर पशुपन्छी, मत्स्य तथा कछुवा विकास शाखाले मंगलबार एक कार्यक्रमको आयोजना गरी उनीहरुलाई घाँस काट्ने मेसिन (च्याप कटर) र मिल्क क्यान वितरण गरेको छ।

शाखाले गत आर्थिक वर्ष ०७६/०७७को वार्षिक स्वीकृत कार्यक्रम छ लाख ६० हजारबाट ५३ जना मध्यम कृषकलाई साझेदारीमा र २० जना विपन्न कृषकलाई निःशुल्क च्याप कटर वितरण गरेको शाखा प्रमुख पदमलाल राईले जानकारी दिए।

त्यसैगरी सोही कार्यक्रममार्फत् १४ जना दूग्ध व्यवसायीलाई साझेदारीमा मिल्क क्यान वितरण गरिएको थियो। नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित कार्यक्रममा अर्जुनधारा-१का ताराप्रसाद रेग्मीलाई नगरप्रमुख रानाले मिल्क क्यान हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा नगर उपप्रमुख कमला खतिवडा आचार्य, कृषकहरु घनश्याम ढुंगेल, देवकला प्रसाईं, तारा सुवेदीलगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन शाखा प्रमुख राईले गरेका थिए।

ब्राउनसुगरसहित दुई जना पक्राउ

झापा, साउन ६। झापा गाउँपालिका-३ फूलगाछीबाट नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित दुई जना पक्राउ परेका छन्।

प्रहरी चौकी टाघनडुब्बाबाट खटिएको प्रहरी टोलीले जटप ७७५ नम्बरको मोटरसाइकललाई रोकी चेकजाँच गर्ने क्रममा मोटरसाइकलमा सवार कन्काई नगरपालिका-४का २७ वर्षीय दावा दोर्जे सेर्पा र ३० वर्षीय मोहन हेमरमलाई १ ग्राम २७० मिलिग्राम नियन्त्रित लागूऔषध ब्राउनसुगरसहित पक्राउ गरेको हो।

लागूऔषधसहित पक्राउ परेका दुवै जनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

अभिभावकविहीन ...

प्रतिवद्धता समेत जनाएका थिए।

२०६९ साल माघ २९ गते स्थापना भएको सुन्दर बचत आमा समूहमा ६१ जना महिला रहेका छन्। समूहका सदस्यले पाँच सय रुपैयाँ मासिक बचत गर्दै आइरहेका छन् भने २० रुपैयाँ अतिरिक्त बचत गर्दै आइरहेको सुन्दर वचत आमा समूहकी कोषाध्यक्ष ढकालले जानकारी दिइन्।

दहीझोडाको ...

रुद्राक्ष, मसला र सिरिस प्रजातिका एक हजार विरुवा रोपिएको सचिव निरामाया तामाडले जानकारी दिइन्।

प्रमुख अतिथि दाहालले सिरिस प्रजातिको विरुवा रोपेर कार्यक्रमको उद्घाटन गरेका थिए। रोपिएका उक्त विरुवाहरु अर्जुनधारा नगरपालिकाले उपलब्ध गराएको अध्यक्ष सुब्बाले जानकारी दिए।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।।

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

मूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्कगुहोस्।

शिलबन्दी बोलपत्र पेश गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति २०७७।०५।०६

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आ.व.०७६/०७७ (आषाढ मसान्त सम्म) का लागि आवश्यक निम्न सामानहरु १) सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामग्री (एल.ई.डी बल) मात्र २) सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामग्रीहरु (एल.ई.डी .बल बाहेक) ३) स्टेशनरी तथा मसलन्द सामानहरु तथा सरसफाईका सामानहरु ४) छपाई कार्यका सामानहरु ५) औषधि तथा सर्जिकल्सका सामानहरु यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा.कार्यालयमा सामानहरु आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुको हकमा (कम्पनीको अधिकृत बिक्रेता तथा डिलरसिपको आधकारिक प्रमाणित प्रतिलिपि) ले फर्म दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र, सवै कागजातहरुको प्रमाणित प्रतिलिपिसहित यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले (तीस) दिनभित्र यस न.पा.कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१) बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०७७।०५।०३ गते कार्यालय समयसम्म, रु.३०००।- तीन हजार मात्र (फिर्ता नहुने गरी)।

२) बोलपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :- २०७७।०५।०४ गते कार्यालय समयसम्म, भद्रपुर न.पा.कार्यालयमा।

३) बोलपत्र फाराम खोल्ने मिति, समय र स्थान :- २०७७।०५।०५ गते दिनको २.०० बजेपछि, भद्रपुर न.पा. कार्यालयमा।

४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुने।

५) बोलपत्र फाराम पेश गर्दा सो साथ आफ्ले पेश गरेको सामानको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१००३०३०००००३ मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नुपर्नेछ बोलपत्र स्वीकृत भएको निर्धारित समयभित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ।

६) विस्तृत जानकारीका लागि न.पा. कार्यालयको जिन्सी शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

असल संस्कार र समृद्धिका लागि एनएमसी
नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
NMC COOP
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७७।४।२

संस्थाद्वारा सञ्चालित सहकारी व्यवसाय अन्तर्गत झापा जिल्लाका विभिन्न स्थानमा सञ्चालित तथा सञ्चालनको तयारीमा रहेका सहकारी पसल (NMC COOP Shop) हरुका लागि तपसिल बमोजिमका कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट खुला प्रतिष्पर्धाको लागि निवेदन आव्हान गरिन्छ।

विज्ञापन नं. : २ (२०७७/०७८)

- पद	: कार्यालय सहायक सातौं
- संख्या	: १५ (पन्ध्र) जना
- आधारभूत तलब	: १३,५००।- (तेह्र हजार पाच्च सय)
- अन्य सुविधा	: संस्थाले तोके बमोजिम
- न्यूनतम शैक्षिक योग्यता	: एसईई वा सोसरह
- उमेर	: १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

विज्ञापन नं. : ३ (२०७७/०७८)

- पद	: चालक तेस्रो (प्राविधिक)
- संख्या	: २ (दुई) जना
- आधारभूत तलब	: १३,५००।- (तेह्र हजार पाच्च सय)
- प्राविधिक भत्ता	: ५०००।- (पाँच हजार)
- अन्य सुविधा	: संस्थाले तोकेबमोजिम
-न्यूनतम शैक्षिक योग्यता	: आधारभूत तह (कक्षा ८) उत्तीर्ण
- वाञ्छनीय योग्यता	: हल्का तथा हेभी सवारी चालक अनुमति पत्र
- उमेर	: २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

विज्ञापन नं. : ४ (२०७७/०७८)

- पद	: कोपसप सहयोगी दोस्रो
- संख्या	: ६ (छ) जना
- आधारभूत तलब	: १२,०००।- (बाह्र हजार)
- अन्य सुविधा	: संस्थाले तोकेबमोजिम
- न्यूनतम शैक्षिक योग्यता	: आधारभूत तह (कक्षा ८) उत्तीर्ण
- उमेर	: २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको

अन्य बुँदाहरु :

१) माथि उल्लेखित विज्ञापनहरु संस्थाको सहकारी पसल व्यवसाय अन्तर्गत निम्न स्थानका लागि आव्हान गरिएको छ। आवेदकहरुले आवेदन पेस गर्दा आफूले काम गर्न चाहेको स्थान खुलाउनु पर्नेछ।
(क) प्रधान कार्यालय, बिर्तामोड (ख) बिर्तामोड सहकारी पसल
(ग) बनियानी सहकारी पसल (घ) दुधे सहकारी पसल
(ङ) खुदुनाबारी सहकारी पसल (च) गौरीगञ्ज सहकारी पसल
(छ) राजगढ सहकारी पसल

२) आवेदकहरुले संस्थाले तोकेको दरखास्त फारम, आवश्यक कागजातको प्रतिलिपि र व्यक्तिगत विवरण (Bio-Data) सहित हस्तलिखित निवेदन संस्थाको बैङ्किङ कार्यालयहरुमा बुझाउन सकिनेछ। दरखास्त फारम संस्थाको वेबसाइट www.nmc.coop.np वा संस्थाका बैङ्किङ कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

३) निवेदनका साथ हालसालै खिचेको ३ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनु पर्नेछ।

४) आवेदन शुल्क विज्ञापन नं. २ (कार्यालय सहायक सातौं) को हकमा रु. ३००।- (तीन सय) र विज्ञापन नं. ३ (चालक तेस्रो) र विज्ञापन नं. ४ (कोपसप सहयोगी) को हकमा रु. २००।- (दुई सय) तोकिएको छ।

५) विदेशबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षताको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

६) आवेदकको उमेरको हकमा आवेदन भर्ने अन्तिम मितिलाई आधार मानिने छ।

७) आवेदन शुल्क संस्थाको प्रधान कार्यालयको बचत हि.नं. ४५-५८-०००००२१, NMC-COOP CORPORATE OFFICE खातामा जम्मा गरी जम्मा गरेको भौचर आवेदन फाइलमा अनिवार्य राख्नु पर्नेछ।

८) परीक्षा प्रणाली निम्नअनुसार हुनेछ।
(क) विज्ञापन नं. २ : लिखित, मौखिक र प्रयोगात्मक
(ख) विज्ञापन नं. ३ : प्रयोगात्मक र मौखिक
(ग) विज्ञापन नं. ४ : लिखित र मौखिक

९) अन्तिम छनोटमा परेका उम्मेद्वारहरुले संस्थाले तोकेअनुसारको धितो धरौटीको व्यवस्था गर्नुपर्नेछ।

१०) सेवाको प्रकृति करार हुनेछ। मासिक, दैनिक वा घण्टाको आधारमा संस्थाले तोकेबमोजिम कार्य गर्नुपर्नेछ।

११) सेवा अवधिको पहिलो ६ महिनालाई परीक्षणकाल मानिनेछ।

१२) स्थानीयलाई प्राथमिकता दिन सकिनेछ।

१३) संस्थाको कर्पोरेट मानव संशाधन व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ (संशोधन २०७७) बमोजिम सञ्चयकोष, ग्रेड, उपदान, साधारण भत्ता, बोनस र सञ्चिती बिदा लगायतका अतिरिक्त सुविधा प्रदान गरिने छ। साथै रु. ७ लाखसम्मको कर्मचारी दुर्घटना बिमा गराइनेछ।

१४) आवेदन दर्ता गर्ने अन्तिम मिति २०७७ साउन ८ गते बिहीबारसम्म।

१५) सम्पर्क मिति २०७७ साउन ९ गते शुक्रबार हुनेछ र सोही मितिमा परीक्षा सम्बन्धी जानकारी संस्थाको कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

पुनश्च: अनावश्यक सिफारिसले आवेदकको योग्यतामाथि प्रश्न चिन्ह खडा हुने हो कि !

थप जानकारीका लागि : ९८५२६८९४१६/९८५२६८९४१७

- सहकारी पसल व्यवसाय उपसमिति

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

डाक बडावड सम्बन्धी सूचना

तेश्रोपटक प्रकाशित मिति : २०७७।०४।०७

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.०७७।०७८ वर्ष १ (एक) र विज्ञापन कर बर्ष ३ (तीन) का लागि देहायका ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथमपटक प्रकाशित मिति २०७७।०३।१२ गतेको सूचनाको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय र मितिभित्र डाक बडावड गर्न सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला।

तपसिल

ठे.नं.	विवरण	ठेक्का अवधि	न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिवृद्धि कर बाहेक	डाक बड्डावड को लागी धरौटी रकम जम्मा गर्ने अन्तिम मिति	डाक बड्डावड गर्ने अन्तिम मिति
१	चौपाया (पशु) हाट बजार सेवा शुल्क	आ.व. २०७७।७८ वर्ष १ (एक) को लागी	२९,१२,१२५।००	२०७७।०४।१३ गते दिनको १.०० बजे सम्म	२०७७।०४।१३ गते दिनको २.०० बजे देखि कार्यालय समय सम्म
२	दैनिक अस्थायी हाट बजार सेवा शुल्क	आ.व. २०७७।७८ वर्ष १ (एक) को लागी	१४,८६,०००।००		
३	जलथर	आ.व. २०७७।७८ वर्ष १ (एक) को लागी	३१,३५,०।००		
४	भद्रपुर ५ स्थित वनपार्कको पार्किङ शुल्क	आ.व. २०७७।७८ वर्ष १ (एक) को लागी	३,६५,०००।००		
५	विज्ञापन कर	आ.व. २०७७।७८ देखि २०७९।८० सम्म वर्ष ३ (तिन) को लागी	३,३७,६३६।००		

प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-५८०७५१०२२२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

दीर्घकालीन समाधान खोज

भौतिक विकासका नाममा जथाभावी डोजर लगाएर सडक निर्माण गरेका कारण देशभर बाढी-पहिरोको त्रासदी जन्मिएको छ । भौगोलिक अवस्था, भू-बनावट र धरातलीय तथ्यलाई नजरअन्दाज गरी स्थानीय तहले जथाभावी सडक बनाउने भन्दै डोजर, जेसीभी लगाएर निर्माण कार्य सञ्चालन गर्दा यो वर्ष बाढी पहिरोको जोखिम बढेको भूगर्भविद्हरुले बताएका छन् । त्यसै पनि यो वर्ष वर्षा ऋतुको आगमनसँगै मनसुन शुरु भएका कारण वर्षात्को सम्भावना उच्च रहेको मौसम विभागले जनाएको थियो । त्यसमाथि स्थानीय तहले सडक निर्माण तथा विस्तारका नाममा बिना अध्ययन आफूखुशी डोजर चलाएर बाढी-पहिरोको त्रास बढाएको हो । अधिक वर्षालले डोजरले चिरिएको जमिन भएर पनि सतहसम्म पुग्दा पहिरो जानु स्वभाविक नै हो, अझ असारे विकासका कारण ग्रामीण क्षेत्रका जमिन खुकुलो हुँदा पहिरोले धेरै जनधनको क्षति गर्छ ।

संघीय व्यवस्था अनुसार बनिएका तीन तहका सरकारमध्ये भौतिक निर्माण तथा विकासका गतिविधिमा स्थानीय तह बढी जिम्मेवार छन् । उसलाई दिइएको स्वतन्त्रता नै यस्तो प्राकृतिक विपत्तिको मूल कारण हुनसक्छ । घर-घरमै सेवा पुऱ्याउने स्थानीय तहले दिगो विकासको अवधारणा विपरीत मनोमानी ढंगले, बिना इञ्जिनियरिङ जथाभावी डोजर चलाउँदा निम्तिएको विपत्तिले अझै कति क्षति पुऱ्याउँछ अनुमान गर्न गाह्रो छ । भूगर्भविद् डा. सुवोध ढकालले भौगर्भिक बनोट कमजोर भएको र सडक निर्माण गर्दा जोखिम मापन नगरिनाले मौसम सक्रिय हुनासाथ पहिरो जान सक्ने बताएका छन् । अहिले धेरै सडकहरु स्थानीय सरकारले र केही प्रदेश सरकारले निर्माण गरिरहेको र तिनले भूगोलको अवस्था मूल्यांकन नगरेकाले तिनै सडकले पहिरोको जोखिम बढाएको भूगर्भविद्हरुको निष्कर्ष छ ।

देश एकातिर कोभिडको त्रासदीभित्र बन्दाबन्दीको अवस्थामा छ। तर ग्रामीण क्षेत्रमा सडक निर्माणको काम अप्रभावित भई सुचारु रहेका छन् । अझ असार मसान्तअघि नै फछ्यौंट गर्ने गरी काम गरिँदा त्यसले पार्ने असरको वैज्ञानिक मूल्यांकन र अनुसन्धान भएकै छैन । यसले क्षति अझ बढ्न सक्ने सम्भावना रहेको छ । यता हिमाली र पहाडी क्षेत्रमा जाने पहिरो र अत्यधिक वर्षाका कारण तराईका जिल्लाहरुमा नदी कटानको समस्या त्यत्तिकै छ । त्यसमाथि ढलको उचित व्यवस्था नभएका कारण शहर बजारहरु डुबानले जनजीवन कष्टकर बनिएको छ । यो वर्ष अहिलेसम्म पश्चिम नेपालका हिमाली र पहाडी जिल्लाका ग्रामीण क्षेत्र बढी प्रभावित भएका छन् । विगतका वर्षहरुको तुलनामा यो वर्ष वर्षाका कारण मानवीय क्षति पनि धेरै भएको छ ।

मनसुन शुरु भएयता पहिरोमा परेर एक सय सोह्र जनाले ज्यान गुमाएका छन् । त्यस्तै बाढीले तीन जनाको मृत्यु भएको छ भने चवालीस जना अझै वेपत्ता छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि भूकम्पको उच्च जोखिममा रहेको चौध जिल्ला पहिरोको पनि उच्च जोखिममा रहेको जनाएको छ । गएको भूकम्पले चिरिएको जमिनमा पानी पसेर पनि पहिरो जान सक्ने बताइएका बेला अधिक बर्षाले अझै क्षति गर्न सक्ने अनुमान गर्न सकिन्छ । तर, नियन्त्रण तथा व्यवस्थापनको जिम्मा पाएको प्राधिकरणले भने न पूर्वतयारी गरेको छ न त उद्धार र व्यवस्थापनमा उपस्थिति देखाएको छ । बर्षाको समय अझै बाँकी छ । खोलाहरुमा पानीको स्तर उच्च भइरहेको छ । खोला किनार सभ्यताका केन्द्र हुन् जहाँबाट विश्व सभ्यताको प्रारम्भ भएको थियो । त्यसैले तिनलाई सुरक्षित राख्नु सरकारको जिम्मेवारी हुनुपर्छ । तर, सरकारको ध्यान यस्ता प्राकृतिक विपत्तिमा भन्दा सत्ता रक्षामा केन्द्रित रहेका कारण जनता स्वयम्ले सजगता अपनाउनुको विकल्प छैन । त्यसैले जथाभावी सडक लगायतका भौतिक विकासका काम गर्नुभन्दा वैज्ञानिक अध्ययन, अनुसन्धान र विज्ञहरुको परामर्श अनुसार मात्रै गर्नेतर्फ स्थानीय सरकारसँगै स्थानीयवासी सचेत हुनुपर्छ ।

जन्मदिनको खर्च पीसीआर परीक्षण प्रयोगशालालाई

वितामोड, साउन ६। झापा बितामोड-४ का दिपक साफीले आफ्ना छोराछोरीको जन्मदिन पीसीआर परीक्षण प्रयोगशालाका लागि ११ हजार प्रदान गरेर मनाइदिएका छन् ।

सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा सुरु गरिएको 'एकका लागि एक' अभियानको अगुवाईमा जनस्तरबाट झापाको कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा स्थापना हुन लागेको कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका लागि आफ्ना ७ वर्षीय छोरा यशराज र २ वर्षीया छोरी रुहिकाको जन्मदिनमा उनले रकम प्रदान गरेका हुन् ।

वीरता जेसीजका संयोजक, लायन्सको मेम्बरसिप चियर पर्सन, छठ समाज सेवा समितिका जनसम्पर्क अधिकारी, माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक समेत रहेका साफीले 'एकका लागि एक' अभियानका सहसंयोजक बिनोद बस्नेतलाई रकम प्रदान गरेका थिए ।

छोराछोरीलाई सानैदेखि सामाजिक कार्यमा सक्रिय गराउने उद्देश्यले पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागी रकम प्रदान गरेको उनले बताए । एकका लागि एक अभियानका सहसंयोजक बिनोद बस्नेतले जन्मदिनको नाममा गरिने फजुल खर्च पीसीआर परीक्षण प्रयोगशाला स्थापनाका लागी प्रदान गरेकोमा साफीको प्रशंसा गरेका थिए ।

लायन्स क्लब अफ बितामोड सिटीले संयोजन गरेको कार्यक्रमको अध्यक्षता लायन्सका अध्यक्ष घनश्याम चौधरीले गरेका थिए । कार्यक्रममा लायन्सका एरिया कोअर्डिनेटर सत्यनारायण शर्मा, प्रथम उपाध्यक्ष रामेश्वर द्विवेदीले समेत साफीले गरेको कार्यको प्रशंसा गरेका थिए । कार्यक्रमको सहजीकरण लायन्सका प्रेस संयोजक हिमाल खरेलले गरेका थिए ।

त्वम् शरणम् गच्छामि

चिन्तामणि दाहाल

प्रचण्डले सोमबार आफ्नो निवास खुमल्टारमा पूर्व माओवादी जो अहिले पनि खेमा परिवर्तन नगरी बसेका छन्, त्यसमध्ये केन्द्रीय नेतृत्व तहका १८ भाइलाई बोलाएर अब ओलीजीसँगै झगडा ओलीजीसँगै मेल भनेर दुईलाइन संघर्ष गर्ने मुडमा पुगेको बुझिएको छ ।

पृष्ठभूमि :

आलेखको माथि लेखिएको शीर्षक संस्कृत भाषाको हो । यसको नेपाली अर्थ हो तिम्रो शरणमा जान्छु अर्थात् आउँछु ।

अझ व्याख्या गर्ने हो भने यो वाक्यले भन्छ-यस संसारमा मैले तिमी बाहेक अरु देखेको छैन । कर, बल, छल, डर, त्रास, धम्की जे जस्तो दिएर तिमीले हामी जस्ता मनुवालाई आफ्नो शरणमा पर्ने पर्ने बनाएका छौ, त्यसबाट यस धरामा उम्कने अरु पथ नभएकोले म तिम्रो शरणमा आउन चाहन्छु । मलाई माया गरेर ग्रहण गर र आशिर्वाद देउ, ताकि म तिमी बाहेक अरुलाई अदबमा राखेर आफ्नो जीवन सुख शयलका साथ विताउन पाउँ भन्ने हुन जान्छ ।

संस्कृतको यो वाक्य विशेष गरी भगवानको जप, तप र आराधना गर्दा भक्तहरुले अधिक भन्दा अधिक प्रयोग गर्छन् । भक्तहरुका लागि भगवान भन्दा ठूलो, महान (हरेक दृष्टिबाट) र शक्तिशाली अर्को हुँदैन, हुन सक्तैन । त्यसमा पनि आफूले आराधना गरेका भगवानको कुरै छोडौं ।

तात्पर्य र लाक्षणिक अर्थ :

माथिको प्रसंग पंक्तिकारले अहिले नेपाली राजनीतिमा विगत एक महिनादेखि तरंग ल्याइरहेको नेपाल कम्युनिष्ट पार्टी नेकपाको शक्ति संघर्षलाई संकेत गर्न उल्लेख गरेको हो । यसैत नेकपा अर्ध एकीकृत पार्टी हो । यो पूर्ण हुन महाधिवेशन गर्नुपर्छ । तत्काल नेकपाको महाधिवेशन हुने अवस्था छैन । स्थायी समिति र सचिवालय बैठक स्थगित गर्दै नयाँ मिति तोकेर सारे जस्तो नगर्ने हो भने आउँदो फागुन-चैतमा नेकपाका नेताहरुले महाधिवेशन गर्न सक्छन् ।

त्यो समयसम्म पर्खेर शक्ति आर्जन गर्नु कुनै पनि नेताका लागि सजिलो छैन । त्यसैले त्यसअघि सानो सदस्य संख्या भएको स्थायी कमिटि र सचिवालयबाटै रोढ्याई गरेर भएपनि पार्टी अथवा सरकारमध्ये कुनै एउटाको एकल प्रमुख हुन पाइयो भने महाधिवेशनमा शक्ति आर्जन गर्न सकिन्छ । चाहेको पदमा पुग्न सहज हुन्छ ।

त्यही शक्ति संघर्षको दौडमा रहेका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अहिले घनीभुत संघर्षमा छन् । तर, अहिले सरकार प्रमुख पनि रहेका र पार्टीको शक्तिशाली अध्यक्षमै रहेका केपी ओली पद गुमाएर आफू कमजोर हुन चाहँदैनन् । अहिले शक्तिमा हुँदा त अरु लोभी पापीहरुको समूह बनाएर अर्का अध्यक्षले मात दिन खोजिरहेका छन् भने भोलि दुइटै अथवा कुनै एक पद छोड्यो भने टिकी खान दिँदैनन् । यो कुरा कमरेड ओलीले जेल बसेदेखि नै बुझेका छन् । अहिले नबुझ्ने कुरै छैन ।

यस परिस्थितिमा एक महिने संघर्ष गरिसकेपछि पनि ओलीजी गल्ने छाँट नदेखेको र नेपाल-खनाललाई साथ लिएर शक्तिमा पुग्न सहज नदेखेपछि उनीहरुलाई घिसारेर साथमा लिनुभन्दा बरु ओलीकै शरणमा जाँदा पार्टीलाई फुटबाट जोगाउन संघर्ष छोडेको भनेर इज्जत पनि बच्ने र भोलि कथम कदाचित ओलीको घैंटामा घाम लगाउन सकियो भने अध्यक्ष पनि हात पार्न सकिने विश्लेषणमा पुगेका कमरेड प्रचण्डको क्रान्तिकारी आँखाले देख्यो । त्यसैले उनी त्वम् शरणम् गच्छामि हुन खोजिरहेछन् ।

र, अन्त्यमा, यही विश्लेषणलाई पंक्तिकारले अर्को भाषामा आत्मसमर्पण भनेर केही दिन अघि लेखेको थियो । लगभग त्यही विश्लेषण अहिले आएर मिल्न खोज्दैछ । प्रचण्डले सोमबार आफ्नो निवास खुमल्टारमा पूर्व माओवादी जो अहिले पनि खेमा परिवर्तन नगरी बसेका छन्, त्यसमध्ये केन्द्रीय नेतृत्व तहका १८ भाइलाई बोलाएर अब ओलीजीसँगै झगडा ओलीजीसँगै मेल भनेर दुईलाइन संघर्ष गर्ने मुडमा पुगेको बुझिएको छ ।

त्यसैपनि मंगलबारका लागि बोलाइएको बैठक साउन १३ गतेसम्मका लागि स्थगित भएको छ । ओलीको अनुपस्थितिमा प्रचण्डको अध्यक्षतामा बसेको बैठक केहीबेर बसेर स्थगित भएको हो । त्यसअघि ओली र प्रचण्डले गोप्य भेट गरेका थिए । त्यसअघि प्रचण्डका अनन्य सहयोगी पार्टी प्रबक्ता नारायणकाजी श्रेष्ठले महाधिवेशनको तयारीलाई एकताको सुत्र बनाउँ भनेर यो बैठक शुरु हुनु अघि एक ट्वीट सार्वजनिक गरेका थिए । उनले लेखेका छन्, एकताको रक्षा, यथास्थितिमा गुणात्मक परिवर्तन र महाधिवेशनको तयारी निकासको सुत्र हो ।

अब बस्ने स्थायी समितिको बैठकले जे निर्णय गरेपनि वा नगरेपनि प्रचण्ड पक्षले अब ओलीजीको राजिनामाको माग सुरक्षित ल्याण्डिङका लागि मात्र गर्ने छ । जे गरेपनि ओलीले राजीनामा दिँदैनन् र दिन बाध्य पार्ने ल्याकत आफूरुसँग छैन भन्ने महशुस गरेपछि प्रचण्ड समूह एक कदम पछि हटेको छ ।

हाम्रा सर्बोच्चका न्यायाधीशको चित्तले सोचेर एक जनालाई जन्मकैदको फैसलालाई घटाएको जस्तै पंक्तिकारको चित्तले पनि सोच्यो- अबको प्रचण्डपथ त्वम शरणम् गच्छामि हो । यसो लेख्दा पंक्तिकारलाई कसैले गाली नगरोस् । घटनाक्रमबाट पंक्तिकारले यस्तो विश्लेषण गरेको हो । आक्षेप होइन ।

झापामा यसरी गरियो वीपीको सम्झना

वितामोड, साउन ६। राष्ट्रियता, प्रजातन्त्र र समाजवादका प्रणेता नेपाली कांग्रेसका संस्थापक नेता महामानव वीपी कोइरालाको ३८औं स्मृति दिवस विविध कार्यक्रम गरी देशभर मनाइएको छ ।

कोइरालाको ३८ औं स्मृति दिवसको अवसर पारेर झापाका १५ वटै स्थानीय तह र १० वटा प्रदेश क्षेत्रीय समितिको आयोजनामा विचार गोष्ठी, रक्तदान, बृक्षरोपण लगायतका विविध रचनात्मक कार्यक्रम सम्पन्न भएको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयप्रसाद दाहालले जानकारी दिए । यसै क्रममा नेपाली काँग्रेस भद्रपुर नगर समितिको आयोजनामा भद्रपुर-१०स्थित बीपी चोकमा विचार गोष्ठी सम्पन्न भएको छ ।

वीपीको शालिकमा माल्यार्पणपश्चात आयोजित विचार गोष्ठीमा बोल्ने अधिकांश वक्ताहरुले देशमा कम्युनिष्टले मनपरी शैलीमा राज्य सञ्चालन गर्दा संकट उत्पन्न भएको आरोप लगाए । उनीहरूले कांग्रेस नेतृत्वले वीपीको समाजवादी चिन्तन भुल्दै गएकोप्रति चिन्ता समेत व्यक्त गरेका थिए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्य र झापा सभापति उद्धव थापाको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाल महिला संघकी केन्द्रीय सदस्य गोमा भट्टराई लगायतले मन्तव्य राख्दै अधिनायकवाद उन्मुख सरकारको कार्यशैलीले नागरिकले दुःख पाएको आरोप लगाउँदै कांग्रेसले देश र जनताका लागि सशक्त आवाज उठाउनुपर्ने दिन आइसकेको धारणा राखेका थिए ।

भद्रपुर नगर सभापति मोहन महर्जनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य भारतेन्दुकुमार मल्लिक, प्रदेश सांसद ओमप्रकाश सरावगी लगायतको सहभागिता रहेको थियो ।

त्यस्तै दिवसको अवसर पारेर झापा क्षेत्र नं. १ प्रदेश कले रक्तदान तथा विचार गोष्ठी सम्पन्न गरेको छ । प्रदेश क्षेत्रीय सभापति हर्क फियाकको अध्यक्षता र नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा संविधानसभा सदस्य उषा गुरुङ, १ नं क्षेत्रीय सभापति मणि उप्रेती, नगर सभापति इन्द्र बुढाथोकी लगायतले मन्तव्य राखेका थिए । नेपाल रेडक्रस सोसाइटी झापाको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा ४१ पिन्ट रगत संकलन भएको जनाइएको छ ।

यसैबीच १ नं. क्षेत्र, प्रदेश ख समितिको आयोजनामा धाइजनमा विचारगोष्ठी सम्पन्न भएको छ । प्रदेश क्षेत्रीय सभापति सिता पोखरेलको सभापतित्व र प्रदेश सांसदका उम्मेदवार अशोक पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा क्षेत्रीय सभापति मणि उप्रेती लगायतले मन्तव्य राखेका थिए ।

यसैबीच वीपीको स्मृतिमा झापा क्षेत्र नं. ४ अन्तर्गत प्रदेश क र ख ले सताक्षीधाम परिसरमा विरुवा रोपेको छ । कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाईको प्रमुख आतिथ्य र ४ नं. क्षेत्रीय सभापति जयनारायण शाहको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न प्रजातिका दुईसय ५० वटा विरुवा रोपिएको सचिव शिव कँडेलले जानकारी दिए ।

यसैबीच झापाको गौरादहमा वीपीकै जीवनीमा आधारित वृत्तचित्र प्रदर्शन गरिएको छ । नेपाली कांग्रेस ५ नं. क्षेत्र अन्तर्गत प्रदेश क र गौरादह नगरपालिकाको संयुक्त आयोजनामा सम्पन्न विचार गोष्ठी तथा वृत्तचित्र प्रदर्शन कार्यक्रममा वृत्तचित्र प्रदर्शन गरिएको हो ।

ने.का. गौरादह नगर समिति अध्यक्ष यादव सेढाईको अध्यक्षता र प्रदेश क्षेत्रीय सभापति रोहित शाहको प्रमुख आतिथ्यमा सम्पन्न विचार गोष्ठी कार्यक्रममा रामकुमारी पौडेल, विरबहादुर प्रसाई, खगेन्द्र अधिकारी, अनिलकृष्ण प्रसाई, लक्ष्मी बाह्रकोटी लगायतले मन्तव्य राखेका थिए ।

यसैगरी नेपाली कांग्रेस दमक नगरसमिति र ५ नं प्रदेश ख क्षेत्रीय समितिको आयोजनामा बृक्षरोपण तथा वीपीको विचार विषयक विचार गोष्ठी सम्पन्न भएको छ । प्रदेश क्षेत्रीय सभापति पदम लिम्बूको सभापतित्व र नेपाली कांग्रेस झापाका पूर्व सभापति पूर्णानन्द शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा सांसद महेन्द्राकुमारी सुब्बा, दिलबहादुर बुढाथोकी, क्षेत्रीय सभापति ढुण्डिराज भण्डारी, सुरेश सुब्बा, राजन ढुङ्गाना, शेरबहादुर भट्टराई, मेनुका बुढाथोकी, रेगिनाप्रसाई भट्टराई लगायतले मन्तव्य राखेका थिए ।

त्यसैगरी नेका कमल गाउँ समितिको आयोजनामा विचार गोष्ठी कार्यक्रम गाउँ सभापति खगेन भण्डारीको सभापतित्वमा सम्पन्न भएको छ । पूर्णानन्द शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा ढुण्डी भण्डारीलगायतले मन्तव्य राखेका थिए ।

यसैबीच झापा क्षेत्र नं. ३ अन्तर्गत प्रदेश ख र हल्दिबारी गाउँ समितिको संयुक्त आयोजनामा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ । हल्दिबारी क्षेत्रका ३५ जना जेष्ठ नागरिकलाई सम्मान गरिएको कार्यक्रम गाउँ सभापति दिलीप मावोको सभापतित्व र प्रदेश सांसद ओमप्रकाश सरावगीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ३ नं क्षेत्रीय सभापति गणेश पोखरेल, प्रदेश ख सभापति नवीन विमलीलगायतले ज्येष्ठ नागरिकलाई सम्मान गरेका थिए ।

यता झापाको बाह्रदशी र गोल्धापमा क्वारेन्टाइनमा रहेकाहरुलाई वीपी स्मृति दिवसको सन्दर्भ पारेर फलफूल वितरण गरिएको छ ।

बाह्रदशी गाउँ समिति सभापति ओमप्रकाश गौतमको नेतृत्वमा गएको कांग्रेस कार्यकर्ताको टोलीले पशुपति माविको क्वारेन्टिनमा रहेका ३७ जनालाई फलफूल वितरण गरेका हुन् । त्यसपछि आयोजित कार्यक्रममा दयानन्द गोश्वामी, भगिरथ पोद्धार, खड्ग राजवंशी लगायतले बोलेका थिए ।

यसैगरी गोल्धाप क्वारेन्टाइनमा रहेकाहरुलाई हल्दिबारी गाउँ समितिका सहसभापति निराजन दाहालको सभापतित्व र नवीन बिमलीको प्रमुख आतिथ्यमा सम्पन्न एक कार्यक्रमकाबीच २७ जनालाई फलफूल वितरण गरिएको हो । विचार गोष्ठी समेत आयोजना गरिएको कार्यक्रममा डम्बर सिगुले मन्तव्य राखेका थिए ।

यसैबीच नेपाली कांग्रेस झापा क्षेत्र नं. २ प्रदेश ख ले वीपी स्मृति दिवसको अवसर पारेर अर्जुनधारा नगरपालिका-८ शनिश्चरेबजारमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । नेपाल रेडक्रस सोसाइटी बितामोड उपशाखाको प्राविधिक सहयोगमा भीमा गिरीले रक्तदान गर्दै उद्घाटन गरेको कार्यक्रममा ५१ जनाले रक्तदान गरेका छन् ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीको प्रमुख आतिथ्य, सरिता प्रसाई र झापा सभापति उद्धव थापाको विशेष आतिथ्य तथा प्रदेश क्षेत्रीय सभापति किरण श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा क्षेत्रीय सभापति खगेन्द्र मैनाली, महासमिति सदस्य दीपक तामाङ, खड्ग प्रसाई, जिल्ला सदस्य सरस्वती सिटौला, लीला ढकाल लगायतले वीपीको व्यक्तित्व, कृतित्व राजनीतिक जीवनबारे चर्चा गरेका थिए । नेपाल तरुण दल, नेपाल महिला संघ, नेविसंघ लगायत भातृ संघ-संस्थाका प्रतिनिधिहरुको पनि उल्लेख्य सहभागिता रहेको कार्यक्रममा अर्जुनधारा नगर सभापति हेमराज खरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन शेखर बनले गरेका थिए ।

यसैबीच झापा क्षेत्र नं. ३ प्रदेश क र कचनकवल गाउँ समितिको संयुक्त आयोजनामा कचनकवलमा बालुवाढीस्थित चन्द्रमणि स्मृति प्रतिष्ठान परिसरमा दुई सय विभिन्न प्रजातिका विरुवा रोपिएको छ । भरत राजवंशीको सभापतित्वमा सम्पन्न कार्यक्रममा चिन्तामणि खरेल लगायतले मन्तव्य राखेका थिए ।

■ **कृष्णप्रसाद कोइराला**: प्रमुख
जिल्ला प्रहरी कार्यालय, झापा

पछिल्लो तीन वर्षमा झापामा चार हजार तीन सय २१ वटा घटना घटेका छन् । तीन वर्षकै तथ्याङ्क हेर्दा झापामा हरेक वर्ष अपराधजन्य घटनामा कमी आएको छ । आर्थिक वर्ष २०७६/०७७मा जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार एक हजार एक सय ७० वटा मुद्दा दर्ता भएका छन् । आर्थिक वर्ष २०७४/०७५मा भन्दा २०७५/०७६मा कूल मुद्दा दर्ता संख्या १३.२१ प्रतिशतले घटेको छ भने आर्थिक वर्ष २०७६/०७७मा अघिल्लो आर्थिक वर्षको तुलनामा २० प्रतिशतले मुद्दाको संख्या नै घटेको छ । विशेषगरी आर्थिक वर्ष २०७६/०७७मा जिल्ला प्रहरी कार्यालय झापाले के-के गऱ्यो त ? समग्रमा प्रहरीले गरेको कामका विषयमा प्रहरी उपरीक्षक **कृष्णप्रसाद कोइराला**सँग गरिएको कुराकानी ।

‘प्रहरीको सक्रियताले अपराधजन्य घटनामा कमी’

पछिल्लो तीन आर्थिक वर्षको तथ्याङ्क हेर्दा झापामा अपराधका घटनामा कमी आएको देखिन्छ । के प्रहरीले सार्वजनिक गरेको प्रतिवेदनलाई आधार मान्दा साच्चै जिल्लामा अपराधका घटनामा कमी आएको हो त ? के कारणले अपराध घट्यो त ?

- झापामा तीन आर्थिक वर्षको तथ्याङ्क हेर्दा अपराध घटेको छ । छिट्फुट रुपमा आपराधिक गतिविधि भए पनि त्यस्तो जघन्य अपराधका घटनामा भने कमी आएको छ । यो प्रहरीको सक्रियता र अपराधजन्य मानसिकता भएका व्यक्तिहरुलाई सम्झाई-बुझाई गर्दै त्यस्तो गतिविधिबाट टाढा राख्न भएको प्रयास नै हो । प्रहरीले समुदायसँग साझेदारी गर्दै विभिन्न समयमा विभिन्न स्थानमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेकाले पनि झापामा अपराधका घटनामा कमी आएको हो ।

आर्थिक वर्ष २०७४/०७५मा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा ३६ वटा घटनासहित जिल्लामा एक हजार ६ सय ८७ वटा मुद्दा दर्ता भए पनि २०७५/०७६ मा एक हजार चार सय ६४ वटा मात्र मुद्दा दर्ता भएका थिए । तर, आर्थिक वर्ष २०७६/०७७मा एक हजार एक सय ७०वटा मात्र मुद्दा दर्ता भएका छन् । जसमा कर्तव्य ज्यान १३ र ज्यान मार्ने उद्योगका २७ वटा घटना छन् । पछिल्लो तीन वर्षमा झापामा चार हजार तीन सय २१ वटा घटना घटेका छन् । जसमा तीन आर्थिक वर्षमा नै अभद्र व्यवहारका मुद्दा धेरै छन् । आर्थिक वर्ष २०७४/०७५मा भन्दा २०७५/०७६मा कूल मुद्दा दर्ता संख्या १३.२१ प्रतिशतले घटेको छ भने आर्थिक वर्ष २०७६/०७७मा अघिल्लो आर्थिक वर्षको तुलनामा २० प्रतिशतले मुद्दाको संख्या नै घटेको छ । आर्थिक वर्ष २०७४/०७५भन्दा आर्थिक वर्ष २०७५/०७६मा दर्ता भएका मुद्दाहरुमध्ये अभद्र व्यवहारका मुद्दा ४५ प्रतिशत र आर्थिक वर्ष २०७६/२०७७मा अघिल्लो आर्थिक वर्षको तुलनामा ४३ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७५/०७६ को तुलनामा आर्थिक वर्ष २०७६/०७७ मा लागूऔषधका मुद्दा समेत ६ प्रतिशतले घटेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आत्महत्या, जबरजस्ती करणी, सवारी ज्यान, मानव बेचबिखन, बहुविवाह लगायतका मुद्दा आर्थिक वर्ष २०७६/०७७मा कमी आएको छ । मुद्दा दर्ताको संख्यामा कमी आउनुको कारणमध्ये कोभिड-१९को रोकथाम तथा न्यूनीकरणका लागि भएको लकडाउन, समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका सचेतनामूलक कार्यक्रम, अपराध नियन्त्रणमा भएको प्रहरी नागरिक सहकार्य, सघन गस्ती, चेकजाँच, मानिसको चेतनाको स्तरमा वृद्धि, प्रहरीको सक्रियता आदि हुन् ।

जिल्ला अदालत झापाको फैसला कार्यान्वयन गर्ने क्रममा यहाँहरुले फरार प्रतिवादीलाई पनि धमाधम पक्राउ गर्दै हुनुहुन्छ । केही दिनअघि १४ वर्ष अगाडि भएको हत्या काण्डका फरार प्रतिवादीलाई पक्राउ गर्दै मुद्दा अघि बढाउनु भएको छ । आर्थिक वर्ष २०७६/०७७ मा त्यस्ता कति फरार प्रतिवादीहरुलाई पक्राउ गर्नुभयो ?

- अदालतको फैसला कार्यान्वयन गराउने काम पनि प्रहरीको जिम्मेवारीभित्रै पर्छ । प्रहरीको जिम्मेवारीलाई हामीले पालना गर्ने क्रममा एक आर्थिक वर्षमा हामीले ९० जना त्यस्ता फरार अभियुक्तलाई पक्राउ गर्दै अदालतलाई बुझाएका छौं । केही दिन अघि मात्रै झापाको झापा गाउँपालिकास्थित टाघनडुब्बा भन्ने ठाउँमा भएको हत्याकाण्डका फरार अभियुक्तलाई पनि पक्राउ गर्दै सम्मानित जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अघि बढाएका छौं । हामीले फरार प्रतिवादीलाई पक्राउ गर्दा एक करोड सात लाख ७२ हजार दुई सय १ रुपैयाँ बराबरको राजश्व संकलन भएको छ । ९० जना पक्राउ परेका प्रतिवादीहरुको कैद अवधिलाई जोड्ने हो भने ६१ वर्ष ११ महिना ८ दिन हुन आउँछ । हाम्रो अधिकतम् प्रयास नै रहन्छ अपराधरहीत समाज निर्माण गर्ने । यही क्रममा हामीले त्यस्ता फरार आपराधिक गतिविधिमा संलग्नलाई पनि पक्राउ गरिरहेका छौं ।

अघिल्ला वर्षको तुलनामा झापामा घरेलु हिंसा सम्बन्धीका उजुरी त जिल्लामा १९ प्रतिशतले बढेको देखिन्छ । के कारणले घरेलु हिंसा चाहिँ बढ्यो नि ?

- घरेलु हिंसा सम्बन्धी तीन वर्षको तथ्याङ्क हेर्दा केही मात्रामा उजुरी गर्नेको संख्या बढेको देखिन्छ । आर्थिक वर्ष २०७४/०७५मा घरेलु हिंसा सम्बन्धी ६९ वटा उजुरी परेका थिए । जसमा ६० वटा सहमति भएको र ४ वटा अदालत पठाइएको थियो भने ५ वटा मुद्दा फछ्यौंट हुन बाँकी थिए ।

आर्थिक वर्ष २०७५/०७६मा १५२ वटा उजुरी परेका छन् । त्यसमा १२० वटा सहमति भएको, ८ वटा अदालत, २४ वटा फछ्यौंट हुन बाँकी थिए । तर, आर्थिक वर्ष २०७६/०७७ मा १८१ वटा उजुरी परेका छन् । जसमा १४३ वटा सहमति भएको र १३ वटा अदालत पठाइएको थियो भने २५ वटा फछ्यौंट हुन बाँकी छन् ।

घरेलु हिंसाका उजुरीलाई विश्लेषण गर्दा सबैभन्दा धेरै घरेलु हिंसाको कारण कुटपिट तथा झैं झगडा रहेछ । कूल उजुरीको ६३ वटा घरेलु हिंसा कुटपिट र झैंझगडाबाट भएको देखिन्छ । त्यसपछि ५५ वटा घटना मादक पदार्थ सेवन, ३५ वटा उजुरी खान लाउन नदिएको र २८ वटा सामाजिक सञ्जालका कारण हुने गरेको आर्थिक वर्ष २०७६/०७७मा उजुरी परेका थिए । सामाजिक सञ्जाल तथा फोनको दुरुपयोगबाट भएको पाउन सकिन्छ । कूल घरेलु हिंसाको उजुरीको कारण मध्ये सबैभन्दा धेरै ३५प्रतिशत कुटपिट तथा झैंझगडाको कारण रहेको पाइएको छ भने मादक पदार्थ सेवनको कारणबाट ३० प्रतिशत र सामाजिक सञ्जाल तथा फोनको दुरुपयोगको कारण १५प्रतिशत घरेलु हिंसाको उजुरी प्रहरी कार्यालयमा परेको छ ।

कुन स्थानीय तहमा घरेलु हिंसाका घटना धेरै घटेका रहेछन् ?

- झापाका १५ स्थानीय तहमध्ये दमक नगरपालिकामा सबैभन्दा धेरै २९ प्रतिशत घरेलु हिंसाको घटनामा उजुरी प्राप्त भएको छ भने सबैभन्दा थोरै ०.५५ प्रतिशत उजुरी बुद्धशान्ति गाउँपालिकाबाट प्राप्त भएको छ । पालिकागत रुपमा हेर्ने हो भने भद्रपुरमा ५१, मेचीनगरमा २, दमकमा ५३, कनकाईमा ३, अर्जुनधारामा ८, बिर्तामोडमा २४, शिवसताक्षीमा ७, गौरादहमा २, कमलमा १२, गौरीगञ्जमा र वाह्रदशीमा ३/३, बुद्धशान्तिमा १, झापामा २, हल्दिवारीमा ७ र कचनकवलमा ३ वटा उजुरी परेका छन् ।

यौनजन्य अपराधका घटनाको अवस्था के छ झापामा ?

- यौनजन्य अपराधका घटनामा पनि कमी आएको छ । समग्र त्रिवर्षीय तथ्याङ्क हेर्ने हो भने आर्थिक वर्ष २०७४/०७५ मा झापामा ९९ करणी, ३४ करणी उद्योग र एउटा घटना वाल यौन दुरुपयोग अप्राकृतिक मैथुन भएको थियो । तर, आर्थिक वर्ष २०७५/०७६ मा १७४ वटा यौन जन्य अपराधका घटना घटे पनि आर्थिक वर्ष २०७६/०७७ मा १२६ वटा मात्रै यौनजन्य अपराधका घटना घटेका छन् । जसमा आर्थिक वर्ष २०७६/०७७मा जवरजस्ती करणीका ८५, करणी उद्योगका २४ र वाल यौन दुर्व्यवहार र अप्राकृतिक मैथुनका १७ वटा घटना घटेका छन् ।

मुलुकी फौजदारी अपराधसंहिता २०७४, मिति २०७५साल भदौ १ गतेबाट लागू भएसंगै प्रहरीले अहिले वाल यौन दुरुपयोग सम्बन्धीको कानूनी व्यवस्था भएकाले आर्थिक वर्ष २०७६/०७७ मा वाल यौन दुरुपयोग मुद्दा दर्ता थालेको छ । यौनजन्य अपराधका घटनालाई हेर्ने हो भने ८५ प्रतिशत घटना जवरजस्ती करणी, २४ प्रतिशत उद्योग, १३ प्रतिशत वाल यौन दुरुपयोग र ४ प्रतिशत अप्राकृतिक मैथुन जस्ता अपराधका घटना हुने गरेको छ ।

झापामा बिर्तामोड नगरपालिकामा धेरै यौनजन्य अपराधका घटना घट्ने गरेको छ । आर्थिक वर्ष २०७६/०७७मा मात्रै बिर्तामोड नगरलालिकामा १४, भद्रपुरमा १३, दमकमा १२, मेचीनगर अर्जुनधारामा ८/८ र कनकाई तथा गौरादहमा ५/५, त्यस्तै शिवसताक्षीमा ४ वटा घटना घटेका छन् ।

गाउँपालिकामा बाल यौनजन्य दुरुपयोग, अप्राकृतिक मैथुन जस्ता अपराधका घटना धेरै घट्ने गरेको पाइएको छ । बुद्धशान्ति गाउँपालिकामा ६ वटा यस्ता बाल यौनजन्य अपराधका घटना घटेका छन् । गाउँपालिकामा गौरीगञ्ज गाउँपालिकामा यौनजन्य ५ वटा घटना आर्थिक वर्ष २०७६/०७७मा घटेका छन् ।

यौनजन्य अपराधका घटनामा १८ वर्षमुनिका बालबालिका नै सबैभन्दा धेरै पीडित बन्ने गरेका छन् । प्रहरीको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७६/०७७ मा ४६ वटा जवरजस्ती करणी मुद्दा दर्ता भएका छन् । त्यस्तै १८देखि २५ वर्ष उमेर समूहका किशोरी तथा महिलाहरुको हकमा ३७ जना यो अवधिका बलाकृत भएका छन् भने २५/३५ वर्ष उमेर समूहका किशोरी तथा महिलाहरु ८ प्रतिश मात्रै वलाकृत हुने गरेको अवस्था रहेको छ । यौनजन्य अपराधका घटनामा १८ देखि २५ वर्ष उमेर समूहका पीडक धेरै रहेका छन् । यो अवधिमा ३५ जनालाई प्रहरीले जवरजस्ती करणी अभियोगमा मुद्दा चलाएको छ । यौनजन्य अपराधमा सामान्य लेखपढ गर्न जान्ने ९७ प्रतिशत मानिस यौनजन्य अपराधमा संलग्न हुने गरेको अवस्था छ ।

आत्महत्या गर्नेको अवस्था कस्तो छ ? अनि महिलाले कि पुरुषले झापामा धेरै आत्महत्या गर्दा रहेछन् ? यहाँहरुले त आत्महत्या गर्नुपर्ने कारण पनि केलाउनु भएको होला नि ?

- आर्थिक वर्ष २०७४/०७५भन्दा आर्थिक वर्ष २०७५/०७६मा आत्महत्याको घटनामा १७ प्रतिशतले वृद्धि र आर्थिक वर्ष २०७६/०७७मा अघिल्लो आर्थिक वर्षको तुलनामा २३ प्रतिशतले आत्महत्याका घटना घटेको देखिन्छ । आर्थिक वर्ष २०७४/०७५मा २४७ जनाले आत्महत्या गरेका थिए । तर, आर्थिक वर्ष २०७५/०७६ मा २८८ जनाले आत्महत्या गरेका छन् । आर्थिक वर्ष २०७६/०७७मा २२३ जनाले आत्महत्या गरेको अवस्था छ । स्थानीय तहगत रुपमा हेर्ने हो भने नगरपालिकातर्फ मेचीनगरमा धेरैले आत्महत्या गरेका छन् । मेचीनगरमा ४० जनाले आत्महत्या गरेका छन् भने सबैभन्दा कम अर्जुनधारामा ४ जनाले आत्महत्या गरेका छन् ।

भद्रपुरमा आत्महत्या गर्नेको संख्या २८, दमकमा २३, कनकाईमा ८, बिर्तामोडमा १४, शिवसताक्षीमा ८ र गौरादहमा २० जनाले आत्महत्या गरेका छन् । कूल घटनाको ६५ प्रतिशत घटना नगरक्षेत्रमा घट्ने गरेका छन् । अब गाउँपालिकातर्फ हेर्ने हो भने बुद्धशान्ति गाउँपालिकामा धेरैले आत्महत्या गरेका छन् । बुद्धशान्तिमा २१ जनाले आत्महत्या गरेका छन् । त्यस्तै वाह्रदशीमा ७ जनाले आत्महत्या गरेका छन् । यो गाउँपालिका तर्फको सबैभन्दा थोरै आत्महत्याको विवरण हो । कमल गाउापालिकामा १९, गौरीगञ्जमा ८, झापामा ८ , हल्दिवारीमा १७ र कचनकवलमा ६ जनाले यो एक वर्षको अवधिमा आत्महत्या गरेका छन् । कूल आत्महत्याको ३६प्रतिशत घटना मात्रै गाउँमा घट्ने गरेको पाइएको छ । अब नगरपालिकाको पनि कुरा गर्दा दमक नगरपालिकाको ३ नम्वर वडा र बुद्धशान्तिको ४ नम्वर वडामा धेरैले आत्महत्या गरेको देखिन्छ । जहाँ एक वर्षमा ७/७ जनाले आत्महत्या गरेका छन् ।

आत्महत्या गर्नेमा झुण्डिएर २०० जना, घाँटी रेटेर ३ र विष सेवन गर्ने २० जना रहेका छन् । महिनाको कुरा गर्दा झापामा आत्महत्याका घटना चैतमा धेरै घटेको देखिन्छ । चैतमा मात्रै ३४ वटा आत्महत्याका घटना घटेका छन् । आत्महत्या गर्नेमा १८-२५का धेरै छन् । १८देखि २५ वर्ष उमेर समूहका ५७ जनाले आत्महत्या गरेका छन् । कुल आत्महत्या गर्ने व्यक्ति मध्ये २६प्रतिशत व्यक्ति १८- २५ वर्ष उमेर समूहका रहेका छन् ।

आत्महत्या गर्ने व्यक्ति ५९ प्रतिशत पुरुष छन् । कूल आत्महत्या गर्ने व्यक्ति मध्ये २९ प्रतिशत व्यक्ति ज्याला मजदुरी पेशा गर्ने रहेका छन् । कूल आत्महत्या गर्ने व्यक्ति मध्ये ६५५ साधारण लेखपढ मात्र गर्न जान्ने व्यक्ति रहेका छन् । जसमा ५२ प्रतिशत मानिस विवाहित छन् । आत्महत्याको कारण हेर्ने हो भने मानसिक विचलनको कारण आत्महत्या गरेका मृतकहरुले डिप्रेसन सम्बन्धी औषधिको सेवन गर्ने गरेको पाइएको छ । घरायसी समस्याको कारण ३९५ मानिसहरुले आत्महत्या गरेको पाइएको छ ।

जेसीज बारे बुझाउन तालिम

बुद्धशान्ति, साउन ६। बुधबारे जेसीजले नयाँ सदस्यहरुलाई एक दिने तालिमको आयोजना गरेर जेसीजबारे बुझाइएको छ ।

कार्यक्रममा वीरता जेसीजका बर्ष २००३का अध्यक्ष तथा नेपाल जेसीज बर्ष २००४ का राष्ट्रिय उपाध्यक्ष शिवकुमार अग्रवालले जेसीजबारे नयाँ सदस्यहरुलाई प्रशिक्षण दिएका थिए । बुधबारे जेसीजका अध्यक्ष नन्दकुमार याफु राईको अध्यक्षता तथा सचिव अनिल वाग्लेको संयोजकत्वमा भएको कार्यक्रम महासचिव दीपेन सिटौलाले सञ्चालन गरेका थिए ।

बुधबारे जेसीजका पूर्वअध्यक्ष सेमन्त पोखरेल, रमेश बराल, प्रकाश भण्डारी लगायतको आतिथ्यमा भएको कार्यक्रममा सहभागिता प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो । कार्यक्रममा जेसीज आस्था बाचन बुधबारे जेसीजका कार्यकारीणी उपाध्यक्ष गोकुल पौडेलले गरेका थिए ।

घर भाडामा
महानन्द चौकस्थित रहेको ३ कोठाको घर भाडामा छ । इच्छुकले सम्पर्क गर्नुहोला । **मो. ९८०६००८७३१**

पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर
गोरखा डिपार्टमेन्ट स्टोर
हाम्रा विशेषताहरु :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याड्केट, गलैंचा
- चौथो तलामा : सटिड, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम - छैठौं तलामा : गोरखा किचेन

गोरखा डिपार्टमेन्ट स्टोर
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६को नियम ९मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरु सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ साउन मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिनसक्नेछ ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/ वडासचिवले संकलन गर्नुपर्ने कागजातहरु
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हक जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धबिच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
- एकल महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र ।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस-पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

बिर्तामोड नगरपालिका

सेफ्टी ट्याङ्की
तथा ढल सफाई
अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अवुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३९३/९८४२७१६५८८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ । शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - महत्वाकांक्षी योजना थालनी हुनेछ । आजको मिहिनेतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - स्वास्थ्य कमजोर रहनाले काममा पनि बाधा हुन सक्छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - अर्थ अभावले पनि मन पिरोलिन सक्छ । मेहनतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ । शुभचिन्तकहरूले केही आशा जगाउने छन् ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिने छन् र आंशिक सफलता मिल्नेछ । उपलब्धिका लागि केही समय प्रतिक्षा गर्नुपर्ला ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । तापनि दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - लगनशीलताले नयाँ-नयाँ काम गर्ने अवसर समेत दिलाउनेछ । साथीभाइको सहयोगले हौसला जाग्नेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्दा प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन् ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । हिम्मत गर्दा अप्ठ्यारो स्थितिमा पनि काम सम्पादन हुनेछ ।